प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकाको कार्यविधि संख्याः २७

# बर्दघाट नगरपालिका

## "बर्दघाट नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"

कार्यपालिकाबाट स्वीकृत मितिः –२०७६/११/१८

नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पश्चिम)

५ नं. प्रदेश, नेपाल

प्रमाणिकरण गर्नेको दस्तखतः

नाम थरः मेघनाथ पाध्या

पदः प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७६/११/१८

# "बर्दघाट नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"

कृषिजन्य पदार्थको उत्पादन र उत्पादकत्व बृद्धि गर्न एवम स्वीकृत कार्यक्रम सञ्चालनमा एकरुपता, परिणाममूखी र गुणस्तरिय बनाइ कृषि प्रसारको व्यवस्थापन, सञ्चालन, नियन्त्रण र नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (द) लाई व्यवस्थित गर्न दफा ११ को उपदफा (७)ले दिएको अधिकार प्रयोग गरीयो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यबिधिको नाम **"बर्दघाट नगरपालिकाको कृषिबिकास कार्यक्रम सञ्चालन कार्यबिधि २०७६"** रहेकोछ ।

ख) यो कार्यबिधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

ग) यो कार्यबिधि बर्दघाट नगरपालिका क्षेत्र भित्र लागू हूनेछ ।

## परिच्छेद-२

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) "नगरपालिका" भन्नाले नेपालको संबिधान बमोजिम गठन भएको बर्दघाटनगरपालिका सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले बर्दघाट नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "प्रमुख"भन्नाले बर्दघाट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले बर्दघाट नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) "उत्पादक" भन्नाले बर्दघाट नगरपालिका भित्र कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषिफार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

च) "कृषक" भन्नाले बर्दघाट नगरपालिका भित्र कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषिफर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

छ) "कृषि" भन्नाले सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजन बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

झ) "कृषिबजार" भन्नाले कृषिउपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषिउपजको बिक्रीवितरण गर्ने कृषिबजार सम्झनु पर्छ ।

ञ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

ट) "कृषिव्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन ,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषिउपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, यान्त्रीकरण उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिकीबितरण व्यवसाय ।

(ठ) "वडा" भन्नाले बर्दघाट नगरपालिकाको वडा सम्झनुपर्छ ।

(ड) "सभा" भन्नाले बर्दघाट नगरसभालाई सम्झनुपर्छ ।

(ढ) "शाखा" भन्नाले बर्दघाट नगरपालिकाको कृषि शाखा सम्झनु पर्दछ ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

(ण) "मूल्याङ्कन समिति" भन्नाले कृषिबिकास कार्यक्रम मूल्याङ्कन समिति सम्झनु पर्दछ ।

(त) "कार्यबिधि" भन्नाले बर्दघाट नगरपालिकाको कृषिबिकास कार्यक्रम संचालन कार्यबिधि,२०७६ सम्झनु पर्दछ ।

(थ) "कार्यक्रम" भन्नाले कृषिकार्यक्रम सम्झनु पर्दछ ।

(द) "समुह" भन्नाले कृषक समूह सम्झनु पर्दछ ।

(ध) "फार्म" भन्नाले कृषीफार्म सम्झनु पर्दछ ।

(न) "सहकारी" भन्नाले कृषी सहकारी सम्झनु पर्दछ ।

## परिच्छेद -३

३. उद्देश्यः

क) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुयाउने

ख) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायिकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने

ग) कृषिउपजको सरल र सुलभ बजार पहुच वृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रबर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सूधार गर्ने ।

घ) कार्यक्रमहरु व्यवस्थीत पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

ङ) शाखाको कार्यक्रम संचालनमा सहयोग पुराउने ।

च) नगरपालिकाबाट बिनियोजित रकमलाई पारदर्शि बनाई संचालन गर्न सहयोग पुराउने ।

छ) संघीय सरकार र प्रदेश सरकारको प्रतिबद्धता अनुसारको कार्यक्रमलाई पुरा गर्न सहयोग पुराउने ।

ज) नगरपालिकालाई कृषिजन्य उत्पादन तथा बीउबिजनमा आत्मनिर्भर बनाउन ।

झ) नगरपालिकाभित्र कृषिजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्न सहयोग पुराउने ।

## परिच्छेद-४

४. कार्यक्रम व्यवस्थापन समितिः

बर्दघाट नगरपालिकाको कृषि/पशुपन्छी कार्यक्रम अनूगमन, मूल्याङ्कन, कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको नगर स्तरीय कृषि/पशुपन्छी समिति गठन हूनेछ ।

क) नगर उप प्रमुख — संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी प्रमुख प्रशासकीय अधिकृत

ग) योजना अधिकृत — सदस्य

घ) आर्थिक प्रशासन प्रमुख — सदस्य

ङ) कृषि/पशुपन्छी शाखा प्रमुख — सदस्य-सचिव

समितिले आवश्यकता अनूसार कुनै बिशेषज्ञ वा कर्मचारी तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

बर्दघाट नगरपालिकाको कृषि/पशुपन्छी शाखाको कार्यक्रम छनौट, अनूगमन, मूल्याङ्कन, कार्यान्वयन तथा ब्यवस्थापन गर्दा बर्दघाट नगरपालिकालाई आर्थिक भार नपर्ने गरी कार्यक्रम अनूसार भत्ता उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-५

### ५. कार्यक्रम सञ्चालन प्रकिया:

क) प्रस्ताव माग: नगरपालिकाको नगरसभाबाट पारित बजेट तथा कार्यक्रम अनूसार सूचना प्रकाशन गरी कृषक/कृषि फार्म/समूह/सहकारीसंग प्रस्ताव माग गर्नेछ ।

ख) प्रस्ताव पेश: सूचनामा तोकिए बमोजिमको कागजात सहित इच्छूक प्रस्तावकले प्रस्ताव पेश गर्नु पर्नेछ ।

ग) छनौट तथा सिफारिस: बर्दघाट नगरपालिकाको कृषि शाखाले प्रस्ताव माग गरिएको कागजातहरुको रुजु गरी फिल्ड अवलोकन पश्चात समिति समक्ष सिफारिस गर्नेछ ।

घ) छनौट भएका प्रस्तावकहरुले नगरपालिकासंग समन्वय गरी कार्यक्रम सम्पन्न गर्नेछ ।

### ६. कार्यक्रम संचालन स्थल छनौटका आधार :

आवश्यकता, माग प्रकृति तथा सम्भाब्यता हेरि सूचना प्रकाशन गरि छनौट भएका प्रस्तावमा कृषि समितिको फिल्ड अवलोकन तथा बैठक पश्चात बर्दघाट नगरपालिका भित्र स्वीकृत प्रस्तावमा कार्यक्रम स्थल छनौट गर्नेछ ।

### ७. कृषक लक्षित ब्यवसायिक कृषि सञ्चालन बिधि :

क) कृषक लक्षित कार्यक्रम अन्तर्गत बिशेष कृषि उत्पादन (तरकारी, फलफुल, मौरी आदि) कार्यक्रम सञ्चालनार्थ प्रतिस्पर्धी रुपमा अनूदान प्रवाह गर्न यस नगरपालिकाले निम्न कृषक लक्षित कार्यक्रम सञ्चालन गर्नेछ ।

१. मौसमी तथा बेमौसमी तरकारी बिकास कार्यक्रम ।
२. फलफुल बिकास कार्यक्रम ।
३. मौरी बिकास कार्यक्रम ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल
प्रमुख प्रशासकिय अधिकृत

४. पूष्प बिकास कार्यक्रम ।
५. च्याउ बिकास कार्यक्रम ।
६. मसला बाली बिकास कार्यक्रम ।
७. नगदे बाली बिकास कार्यक्रम ।
८. बिजबृद्धि कार्यक्रम ।
९. कृषक पूरस्कार कार्यक्रम ।
१०. कृषक भम्रण कार्यक्रम ।
१२. खाद्यान्न बाली बिकास कार्यक्रम ।
१३. कृषि बिमा कार्यक्रम ।
१४. बाली संरक्षण कार्यक्रम ।
१५. दिगो माटो ब्यवस्थापन कार्यक्रम ।
१६. बिभिन्न प्रदर्शन (नतिजा,जातिय,उत्पादन) ।
१७. बिभिन्न कृषिजन्य बालीको स्रोतकेन्द्र स्थापना ।
१८. रैथाने बाली संरक्षण कार्यक्रम ।
१९. कृषिजन्यबालीको बजारीकरण कार्यक्रम ।
२०. कृषिमा आधूनिकरण बजारीकरण तथा ब्यवसायिकरण कार्यक्रम ।
२१. कौशी खेती बिकास कार्यक्रम ।
२२. करेसाबाली बिकास कार्यक्रम ।
२३. प्रि तथा पोष्ट हार्भेष्ट कार्यक्रम ।
२४. बाली प्रशोधन कार्यक्रम ।
२५. कृषक पाठशाला कार्यक्रम ।
२६. कृषिजन्य बालीको पकेटक्षेत्र कार्यक्रम
२७. एक वडा एक बाली उत्पादन कार्यक्रम ।
२८. भकारो सुधार कार्यक्रम

**२९. सञ्चालन गर्ने कार्यक्रमहरु**

- कृषि तथा पशुपालन प्रोत्साहन अनुदान कार्यक्रम ।
- कृषि तथा पशुपालन क्षेत्र विस्तार प्रोत्साहन अनुदान ।
- हाई ब्रिड बिउ उत्पादन कार्यक्रम ।
- युवा लक्षीत कृषि उत्पादन कार्यक्रम ।
- उत्पादन प्रोत्साहनमा पुरस्कार ।
- विउविजनमा अनुदान ।
- गोठ र मल सुधारमा अनुदान

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
५ नं. प्रदेश, नेपाल
प्रमुख प्रशासकिय अधिकृत

परिच्छेद -६

## ८. कार्यक्रम संचालनका बिधिहरु :

१. यो कार्यक्रम संचालन गर्न चाहने कृषक कृषि पेशामा संम्लग्न हूनू पर्दछ ।

२. यो कार्यक्रम संचालन गर्न नेपालीनागरिक हूनूपर्दछ ।

३. यो कार्यक्रम संचालन गर्न २५ प्रतिशत कृषक स्वयमले लगानी गर्नू पर्नेछ ।

४. यो कार्यक्रम संचालन गर्न चाहने कृषकले तपसिल बमोजिम कागजपत्र लिई यस नगरपालिकामा प्रस्ताव पेश गर्नूपर्नेछ ।

तपशिल

क) निवेदन ।

ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

ग) जग्गाधनी पूर्जा वा ठेक्का भए कम्तमा २ बर्ष सम्म ठेक्का लिएको आधिकारिक करार पत्र ।

घ) घटीमा २ बर्षसम्म प्रस्तावित ब्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता पत्र ।

च) तालिम तथा शैक्षिकयोग्यताको प्रमाणित प्रतिलिपि ।

छ) अनूसूची १बमोजिमको कार्ययोजना (प्रस्ताव) ।

ज) बिदेशबाट फर्केको भए पासपोर्टको फोटोकपि ।

झ) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

उपरोक्त कागजातहरु प्राप्त भईसकेपछि मूल्याङ्कन समितिले मूल्याङ्कन गरि छनौट गर्नेछ ।

## ९. मल, बिउ, कृषिऔजार अनूदान कार्यक्रम संचालन विधि :

उद्धेश्यः मल, बिउ, कृषिऔजार अनूदान कार्यक्रम संचालन विधि देहाय बमोजिम हूनेछ ।

क) खाद्यान्न बाली, तरकारी बाली तथा फलफुल उत्पादन आदिमा यान्त्रिकरण गर्न सहयोग पूऱ्याउने ।

ख) कृषिमा यान्त्रिकीकरण गरि प्रतिइकाई उत्पादन बृद्धि तथा उत्पादन लागत घटाउने ।

ग) यूवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने गराउने ।

घ) कृषिलाई आधूनिकिकरण, ब्यवसायिकरणँ एवम् प्रतिस्पर्धात्मक बनाई स्वरोजगारको अवसर श्रृजना गर्ने ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश, नेपाल
प्रमुख प्रशासकिय अधिकृत

ङ) समयको सदूपयोग एवं कृषिकार्य संचालनमा सहज बनाउन सहयोग गर्ने ।

**१०. तरकारी तथा फलफुल पकेट क्षेत्र निर्धारण विधि**

**१. उद्धेश्य :** यस कार्यबिधिका उद्धेश्यहरु देहाय अनूसार रहेका छन :

क) कृषकहरुको प्रत्यक्ष संलग्नता गराई तरकारी तथा फलफुल पकेट स्थापना गर्ने ।

ख) तरकारी तथा फलफुल पकेट मार्फत कृषि उत्पादनलाई ब्यवसायीकरण गर्ने ।

ग) सामूहिक खेतीमार्फत ब्यवसायिक उत्पादन, खरिद बिक्रि,भण्डारण र बजारीकरणको प्रवर्द्धन गर्ने ।

घ) साना कृषकहरुको आय बृद्धिको साथै रोजगारी बृद्धि गर्ने ।

**२. पकेट क्षेत्र कार्यक्रमको बिवरण, छनौट तथा कार्यक्रम संचालन प्रकृया**

क) यो पकेट क्षेत्र बर्दघाट नगरपालिकाको बिभिन्न वडामा बिभिन्न कृषिबालीमा संचालन गरिनेछ ।

ख) यो पकेट क्षेत्र समुह, सहकारी, फार्म, अथवा १५ देखि २५ जना कृषिमा आवद्ध कृषकहरु द्वारा नयां समुह गठन पश्चात शाखामा दर्ता गराई कार्यक्रम संचालन गर्न सकिनेछ ।

ग) यो पकेट क्षेत्र संचालनगर्दा कम्तिमा छ रोपनी वा १० कट्ठा जग्गामा तोकिएको बाली लगाउनू पर्नेछ ।

घ) यसमा बीउ, मल, बिषादी, तालिम, भम्रएँ, कृषिजन्य औजारहरु तथा अन्य कृषि सामाग्री आवश्यकता अनूसार उपलब्ध गराइनेछ ।

ङ) यसमा ५० प्रतिशत सम्म पकेट संचालन गर्ने समुह, सहकारी, फार्म अथवा कृषकले लगानी गर्नू पर्नेछ ।

च) यो कार्यक्रमलाई निरन्तरता दिनू पर्नेछ ।

छ) गरिब, दलित, जनजाति, महिला, द्वन्दपिड़ित बर्ग र क्षेत्रबाट प्रतिनिधित्व हूने ब्यक्ति वा समुह/सहकारी लाई प्राथमिकता दिइनेछ ।

## परिच्छेद-७

**११. अनूदान दिने बिधि :**

**१. उदेश्य:**

क) प्रति इकाई उत्पादन बृद्धि तथा उत्पादन लागत घटाउन ।

ख) यूवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्ने ।

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी ५ नं. प्रदेश
प्रमुख प्रशासकीय अधिकृत

ग) कृषिलाई आधूनिकरण, ब्यवसायिककरण एवमं प्रतिस्पर्धात्मक बनाई स्वरोजगारको श्रृजना गर्ने ।

**२. अनुदान कार्यक्रम संचालन बिधि :**

क) यो कार्यक्रम बर्दघाट नगरपालिका का सम्पुर्ण वडामा संचालन गरिने छ ।

ख) नगरपालिकाले १५ दिनको म्याद राखि प्रस्ताव आह्वान गर्ने छ ।

ग) प्राप्त भएका आवेदनलाई मूल्याङ्कन समितिले छनौट गर्ने छ ।

घ) छनौट भएका ब्यक्तिहरुले औजार उपकरणहरु आफनो लगानीमा किनेर ५० प्रतिशत भूक्तानीको लागि नगरपालिकामा पेश गर्नू पर्ने छ ।

**३. अनूदानमा वितरण गरिने कृषि औजार उपकरणहरु :**

मिनीटिलर, पावर टिलर, थ्रेसर, कर्नसेलर, डिजीट्ल तौल लिने मेसिन, त्रिपाल, टनेल, हयाण्ड तथा फुट स्प्रेयर, उन्नत बीउविजन, मौरीको आधार चाका, मौरी घार, विरुवा, च्याउ र रेशमखेतीआदी । आवश्यकता अनूसार केहि कृषिऔजार उपकरणहरु थप गर्न संकिनेछ ।

**४. सम्लग्न राख्न पर्ने कागजातहरु :**

क) कृषक तथा कृषक समूहको आवेदन

ख) कृषक समूहको हकमा समूहदर्ताको प्रमाण पत्र प्रतिलिपि ।

ग) समूहको हकमा समूहको निर्णय प्रतिलिपी ।

३) मुलकृषक समितिबाट छनौट ।

ङ) मेशिनरी औजारमा ५० प्रतिशत अनूदानमा बितरण गरिने ।

च) तरकारीका बिउ पल, शूक्ष्मतत्व तथा बिषादीमा सतप्रतिशत अनूदानमा बितरण गर्ने ।

## परिच्छेद -८

**१२. संचालन हूने मुख्य क्रियाकलाप :**

कृषिपकेट क्षेत्र निर्धारणँ कार्यक्रम संचालनको लागि छनौट भएका कृषक/समूह/सहकारी/फार्महरुमा कार्यक्रम संचालन हूने बिधि देहाय अनूसार रहनेछ ।

| कार्यक्रमको नाम | बिवरण | मूख्य क्रियाकलाप | लाभग्राही |
|---|---|---|---|
| क)बेमौसमी तरकारी उत्पादन | मौसमी तथा बेमौसमी तरकारी बाली | प्लाष्टिक टनेल बितरण | मुलकृषक समिति, कृषक |
| | | क्षमता अभिवृद्धि तालिम | |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश, नेपाल
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| कार्यक्रम | | स्प्रेयर ट्यांकी बितरण | समूह, कृषि फर्म र कृषक |
| | | मल, उन्नतबीउ, बेर्ना, शुक्ष्मतत्व, बिषादी बितरण | |
| | | थोपा सिंचाई तथा पोली ट्यांकीवितरण | |
| ख) आलू पकेट क्षेत्र बिकास कार्यक्रम | जनकदेव,टि.पि.एस,प्रि.बि.एस स्थानिय जातका आलू | आलू बिउ खरिद | मूलकृषक समिति, कृषक समूह, कृषक |
| | | बीउ ढूवानी | |
| | | रोग किरा ब्यवस्थापन सहयोग तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु संचालन | |
| | | स्प्रेयर ट्यांकी, त्रिपाल खरिद, | |
| | | रष्टिक स्टोर ब्यवस्थापनमा सहयोग | |
| ग) तरकारी पकेट क्षेत्र बिकास कार्यक्रम | मौसमी तथा बेमौसमी तरकारी र संभाब्यता देखिएका नयां जातका तरकारीहरु | उन्नत तरकारीको बीउ बेर्ना खरिद तथा उत्पादनमा सहयोग | मुलकृषक समिति, कृषक समूह, कृषक |
| | | मल तथा शुक्ष्मतत्व र रोग किरा ब्यवस्थापनमा सहयोग | |
| | | प्लाष्टिक टनेल, थोपा सिंचाई सेट खरिद निर्माणँमा सहयोग | |
| | | स्प्रेयर ट्यांकी, सिकेचर, क्यारेट तथा अन्य सामाग्री खरिदमा सहयोग | |
| घ)सामूहिक तरकारी खेती बिकास कार्यक्रम | मौसमी तथा बेमौसमी तरकारी र संभाब्यता देखिएका नयां जातका तरकारीहरु | प्रति समूहमा कम्तीमा द्वर्ध प्लाष्टिक टनेल र छ रोपनी वा १० कट्ठामा मौसमी तथा वेमौसमी तरकारी खेती गरेका कृषक समूह,सहकारीहरुलाई प्लाष्टिकपोखरी,मल,बीउ,टनेल,स्प्रेयर,अन्य कृषि सामाग्री खरिदमा सहयोग | मुलकृषक समिति, कृषक समूह, कृषक |
| ङ) फलफुलबिकास तथाउत्पादनकार्यत्रम | यस ७उंमाउत्पादनगर्न सकिने तथा सम्भाब्य देखिएकाफलफुलहरु | फलफुल उत्पादनका क्रियाकलापमा साथै वीउ,वेर्ना,मलखरिद,शूक्ष्मतत्व तथा रोगकिरा ब्यवस्थापनमा सहयोग तथा अन्यआवश्यक कार्यक्रममा सहयोग र | मुलकृषक समिति, कृषक समूह, कृषक |

| | | | |
|---|---|---|---|
| | | नयां फलफुलको उत्पादन परिक्षँ | |
| च)मौरी बिकास कार्यक्रम | यस ठाउंमा सम्भाब्य देखिएका मौरीका जातहरु | मौरीको घार खाली तथा गोला सहितबितरण | मुलकृषक समिति, कृषक समूह, कृषक |
| | | मौरीपालक कृषकलाइ चाहिने उपकरण वितर र तालिममा अनूदान | |
| | | रोगकिरा ब्यवस्थापन | |
| | | चरन क्षेत्र बिकास | |
| | | मह उत्पादनमा सहयोग | |
| छ) च्याउ खेती कार्यक्रम | यस ठाउंमा उत्पादन गर्न सकिने तथा सम्भाब्य देखिएका च्याउहरु | कम्तिमा १ बटा प्लाष्टिक टनेल निर्माण गर्नूपर्ने | मुलकृषक समिति, कृषक समूह, कृषक |
| | | च्याउको बीउमाअनूदान | |
| | | च्याउको कालो प्लाष्घिक टनेल र च्याउ घर निर्माणमा सहयोग | |
| ज) संकलन केन्द्र निर्माण तथा मर्मत | यस नगरपालिका भित्र सभाब्य क्षेत्रमा | तरकारी संकलनतथाबितरण गर्ने बनाउने | मुलकृषक समिति, कृषक समूह, कृषक |

मूल कृषक समिति, समूह, कृषक, सहकारी फार्मले माथि उल्लेखितकूनै पनि कार्यक्रममा सहभागी हून चाहेमा रु.१०।- को टिकट टासेको निवेदन र तपसिल बमोजिम अनूसूची फाराम भरि शाखामा बूभाउनू पर्नेछ । प्राप्त भएका निवेदन माथि यस नगरपालिकाको समितिले छानबिन पश्चात उपयूक्त ठानेमा मात्र कार्यक्रममा सहभागी गराउनेछ ।

- ❖ संकलन केन्द्र निर्माण तथा मर्मतको लागि अनुसूची १ बमोजिम आवेदन दिनूपर्नेछ ।
- ❖ साना सिचाइ, प्लाष्टिक पोखरी ड्रिप इरिगेसनको लागि अनुसूची ३ बमोजिम आवेदन दिनूपर्नेछ ।
- ❖ प्लाष्टिक (च्याउ टनेल घर) को लागि अनुसूची ३ बमोजिम आवेदन दिनूपर्ने छ ।
- ❖ मौरी गोला स्टाण्डको लागि अनुसूची ५ बमोजिम आवेदन दिनूपर्ने छ ।
- ❖ तरकारी तथा फलफुल नर्सरीको लागि अनुसूची ६ बमोजिम आवेदन दिनूपर्ने छ ।

**१३. कार्यक्रम संचालन सम्बन्धि नर्म्श :**

प्रमुख प्रशासकीय अधिकृत

कृषिपकेट कार्यक्रम संचालनका लागि तरकारीको वीउ, बिषादी र शूक्ष्मतत्व सत प्रतिशत अनूदान तथा कृषि सामाग्रीहरु वितरणकालागि ५० प्रतिशत अनूदानका कार्यक्रम संचालन गरिनेछ ।

अन्य कार्यक्रमहरु संचालनको हकमा कृषि प्रसार कार्यन्वयन निर्देशिका तथा नर्म्श अनूसार हूनेछ ।

## परिच्छेद्-९

### १४. स्थानीय कृषि स्रोत ब्यक्ति उत्पादन, ब्यवस्थापन र परिचालन प्रकृया

**१. स्रोत ब्यक्ति छनौटका आधारहरु :**

- ❖ स्रोत ब्यक्ति कृषि ब्यवसायमा संलग्न रहेको हूनू पर्नेछ ।
- ❖ स्रोत ब्यक्ति लेखपढ गरेको हूनू पर्नेछ ।
- ❖ स्रोत ब्यक्ति सम्बन्धित नगरपालिका/वडाको नै हूनू पर्नेछ ।
- ❖ स्रोत ब्यक्तिको उमेर कम्तिमा २० बर्ष भएको र ४० ननागेको हूनू पर्दछ ।
- ❖ स्रोत ब्यक्ति महिला भएमा विवाहित हूनू पर्नेछ ।
- ❖ समुहमा आबद्ध भएको ब्यक्तिलाई प्राथमिकता दिइनेछ ।
- ❖ गरिब, दलित, जनजाति, द्धन्दपिडित बर्ग र क्षेत्रबाट प्रतिनिधित्व हूने ब्यक्तिलाई प्राथमिकता दिइनेछ ।
- ❖ स्रोत ब्यक्तिको घर जमिन नगरपालिका भित्र हूनू पर्नेछ ।
- ❖ स्रोत ब्यक्ति नेपाली नागरिक भएको प्रमाण हुनुपर्नेछ ।

**२. स्थानीयं कृषि स्रोत ब्यक्ति उत्पादन बिधि :**

ग्रामिण कृषि कार्यकर्तँ तालिमः नगरपालिका भित्रका अगूवा कृषकलाई ग्रामिण कृषि कार्यकर्ता (३० दिन देखि ६० दिन सम्म) तालिम दिई कृषि स्रोतब्यक्ति उत्पादन गरिनेछ । नगरपालिका भित्रका बासिन्दा जो कृषि प्रसारमा सेवा गर्न चाहने बासिन्दालाई स्थानिय कृषि स्रोत ब्यक्ति बनाइनेछ । स्थानिय स्रोत ब्यक्तिलाई निम्न बमोजिको पहिचान कार्ड उपलब्ध गराईनेछ ।

बर्दघाट नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

# बर्दघाट नगरपालिका
## नगरंकार्यपालिको कार्यालय,
बर्दघाट,नवलपरासी

५ नं. प्रदेश, नेपाल

**स्थानीय कृषि स्रोत व्यक्ति पहिचान कार्ड**

स्थानीय कृषि स्रोत व्यक्ति

नाम : नागरिकता प्रमाण पत्र नं:

ठेगाना:

तालिम अवधि:

सम्पर्क नं :

शाखाप्रमुखकार्यालय प्रमुख

## परिच्छेद-१०

**१५. क्षमता अभिबृद्धि कार्यक्रमः**

१. कृषि स्रोत व्यक्ति क्ष्मता अभिबृद्धिमा निम्न बिषयबस्तू समावेश गरिनेछ ।

| क्र.स | बिषयक्षैत्र | बिषयवस्तू |
|---|---|---|
| १ | फलफुल | नर्सरी व्यवस्थापन, बगैचा व्यवस्थापन (मलजल, रोपाई, रेखाङकन, कांटछांट, बोर्डोपेष्ट, बोर्डो मिक्सचर स्प्रे, रोग कीरा नियन्त्रणँ) पोष्टहार्भेष्ट व्यवस्थापन, बजारीकरणँ |
| २ | तरकारी | नर्सरी व्यवस्थापान, तरकारी बाली बर्गीकरण, मौसमी तथा बेमौसमी तरकारी उत्पादन, रोग कीरा नियन्त्रण, पोष्टहार्भेष्ट व्यवस्थापन, बजारीकरण |
| ३ | बाली संरक्षण | एकीकृत शत्रू जीव ब्यवस्थापन, जैविक रोग कीरा नियन्त्रण, प्लाण्ट क्वारेन्टीन, प्लाण्ट किल्नीक |
| ४ | माटोको उर्वराशक्तिब्यवस्थापन | गोठेमल र कम्पोष्टमल सूधार प्रबिधि, औद्योगिक जैविकमलको प्रयोग, हरियोमलको प्रयोग, माटो जांच शिविर एवं परिक्षण, भु-संरक्षण, घूम्तीबाली, एकीकृत माटो ब्यवस्थापन, माटोको उर्वराशक्ति नक्साङकन, |

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय
प्रमुख प्रशासकिय अधिकृत

| | | |
|---|---|---|
| ५ | प्रांगारिक कृषि | प्रांगारिक कृषिको महत्व र उत्पादन, प्रांगारिक उपज प्रमाणीकरण, जैविक बिबिधता संरक्षण , वातावरण संरक्षण,-राष्ट्रिय । अन्तराष्ट्रिय बजार प्रबर्द्धन |
| ६ | कृषि ब्यवसायिकरण | पूर्वाधार बिकास (सिचाई, संकलन केन्द्र, कृषि सडक, ग्रामीण सडक), कृषक समुह, कृषिफार्म, सहकारीकरण |
| ७ | कृषि उपज बजारीकरण | बजारको माग र आपुर्ति (स्थानीय कृषिबजार, राष्टि्य बजार, अन्तराष्टि्य बजार ) कम तौल र बढी मुल्यका बालीहरु, कृषि उपज गूणँस्तर नियन्त्रण |
| ८ | बित्तिय ब्यवस्थापन | समुह बचत, लगानीबित्तिय संस्थाहरु (कृषिबिकास बैक, बाणिज्य बैंक, निजी बैंकहरु, ग्रामीण बैंक) वडा कार्यालय, गाउंपालिका, प्रदेश सरकार, संघीय सरकार |
| ९ | कृषि अनूसन्धान | अनूसन्धानको महत्व, समस्यामुलक अनूसन्धान, उन्नतजात र उत्पादन प्रबिधि बिकास, स्रोत बीउ उत्पादन ब्यवस्थापन |
| १० | साना सिंचाई | कुलो मरम्मत, ढिकीपम्प, स्प्रिङ्कलर, थोपा सिंचाई, प्लाष्टिक पोखरी |
| ११ | स्रोत ब्यक्ति | संस्थागत ब्यवस्थापन र सूशासन, नेतृत्व बिकास, सेवामूखी, प्रबिधि विस्तार, ब्यवसायिकरण, सरकारी तथा गैह्सरकारी सेवा प्रदायकसंग समन्वय |

## परिच्छेद-११

१६. **कृषक समुह, कृषि फार्म, एग्रोभेट, को दर्ता बिधिः** यस नगरपालिकामा कृषक समुह/कृषि फार्म/एग्रोभेट दर्ता बिधि देहायबमोजिम हुनेछ :

क) कृषक **समुह दर्ता प्रकृया :**

- १५ देखि २५ जना सम्मको समुह गठन ।
- समुह गठन सम्बन्धि बैठकको निर्णय दर्ता गराउने ।
- समुह दर्ताका लागि समुहबाट जिम्मेवारी किटान भएको ब्यक्तिको नाम सम्बन्धि निर्णय र निजबाट समूहदर्ता गरिपाउं भन्ने निवेदन ।
- प्रिन्टेड बिधान १ प्रति ।
- बर्षिक कार्य योजना ।
- समुह सदस्यहरुको ब्यक्तिगत विवरणँ ।
- समुह अध्यक्षको पासपोर्ट साइजको फोटो १ प्रति ।
- वडा कार्यालयको सिफारिस ।

वडघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रमुख प्रशासकिय अधिकृत

२. कृषि फार्म दर्ता :

यस नगरपालिका भित्रका बिगत ५ बर्ष देखि कृषि पेशा गर्दै आएका अगूवा कृषकले आफनो फार्म नगरपालिकामा दर्ता गर्न चाहेमा नगरपलिकाबाट फिल्ड अवलोकन गरि फार्म दर्ता गर्न उपयूक्त देखिएका शाखामा तोकिएको शूल्क बूझाइ फार्म दर्ता गरिनेछ ।

न्यूनतममापदण्ड :

क) तरकारीको लागि २ वटा प्लाष्टिक टनेल भएको ।

ख) मौरीको लागि ५ वटा घार भएको ।

ग) च्याउको लागि २ वटा च्याउ घर भएको ।

घ) न्यूनतम ३ कठ्ठा जग्गामा खेती गरेको ।

३) कृषि ब्यवसाय (एग्रोभेट) दर्ता :

यस नगरपालिको भित्रका बिउ बिजन बिक्रेता र बिषादी बिक्रेता तालिम लिई तालिमको परिक्षँमा उर्त्तिण भएका कृषकहरु जो बिगत ६ महिना देखि एग्रोभेट संचालन गरेका छन । निजहरुले आफनो पसल यस नगरपालिकामा दर्तं गर्न चाहेमा देहायका कागजातहरु सहित निवेदन दिनु पर्नेछ । नगरपालिकाबाट बजार अवलोकन गरि एग्रोभेट दर्ता गर्न उपयुक्त देखिएमा शाखामा तोकिएको शूल्क लिई एग्रोभेट दर्ता गरिनेछ ।

क) एग्रोभेट दर्ता प्रकृया :

- बिउ बिजन बिक्रेता प्रमाणपत्र,
- बिषादी बिक्रेता प्रमाणपत्र,
- एग्रोभेट संचालन गरीरहेको हुनुपर्ने,
- पान नं. प्रमाणपत्र,
- संचालकको नागरिकता प्रतिलिपपी,
- संचालकको फोटो २ प्रति,
- वडा कार्यालयको सिफारिस ।

परिच्छेद-१२

१७. **कृषक पाठशाला तथा बिउ उत्पादन कार्यक्रम सञ्चालन बिधि :** कृषक पाठशाला सञ्चालनका बिभिन्न चरणहरु देहाय बमोजिम हुन्छन:

१) कृषक पाठशाला पूर्व :

- तयारी बैठक क्रमश:पहिलो, दोस्रो, र तेस्रो सञ्चालन गर्ने,

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- ❖ लैङ्गिक अवधारण तथा सामाजिक समावेशिता विश्लेषण,
- ❖ सहभागीहरुको छनौट,
- ❖ सहभागीहरुको आकाङ्क्षा संकलन,
- ❖ बाली पात्रो तयार,
- ❖ सिकाईका लागि आवश्यक पर्ने आधारभुत कूराहरुको तयारी,
- ❖ गूणस्तरीय कृषि उत्पादनका लागि राम्रो जातको छनौट,

२) कृषि उत्पादनका आधारभुत सिद्धान्तहरु तथा बाली अनूसारका बिशेष चरणहरु :

- ❖ अध्ययन परीक्षण,
- ❖ उपसमूह बिभाजन, कार्य तथा अभिभारा बाडंफाडं,
- ❖ आर्थिक ब्यवस्थापन,

३) कृषक पाठशाला सञ्चालन :

- ❖ जग्गाको तयारी, बीउ राप्ने/बेर्ना सार्ने बालीब्यवस्थापन
- ❖ कृषि पर्यावरण बिश्लेषण तथा प्रस्तूति
- ❖ कृषि उत्पादनका लागि आवश्यक अग्रिम भर्नूपर्ने फारामहरु सम्बन्धि जानकारी
- ❖ प्रथम परिक्षा
- ❖ पाठशाला पाठयोजना
- ❖ पाठशाला दिन (पाठशालामा सहभागीहरुले राखेका अध्ययन परीक्षण प्लट र स्टलको निरीक्षण, सिकेका बिषयहरु नाटक, कविता, गीत, भाषणबाट आमन्त्रित अथितिहरुलाई अवगत गराएर कृषक मार्फत कार्यक्रमको कार्यन्वयनमा ब्यापकता ल्याउन मनाउने दिवस सहभागीहरुलाई प्रमाण पत्र दिने)
- ❖ खेतमा देखिने परिवर्तनमा सम्बन्धीत जीव र निर्जिव वस्तूहरुको अन्तर सम्बन्ध, कृषि पर्यावरण विश्लेषणमा आवश्यक तथ्याङ्क लिने तरिका, उपसमुहमा तयारी, समुहमा प्रस्तूति र निर्णय लिने
- ❖ कृषक दिवस मनाउने
- ❖ आगामी सिजनको लागि भावी योजना तयार तथा तयारी बैठक

**४) कृषक पाठशाला सञ्चालन पश्चात :**

- ❖ कृषक र कृषि ब्यवसायी उद्यमी सम्बन्ध,
- ❖ कृषि उपजको बजारीकरण,
- ❖ उत्पादन सामाग्री सहयोग कार्यक्रम,
- ❖ सहभागीतामुलक योजना तर्जुमा आदि ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

प्रमुख प्रशासकिय अधिकृत

५) बीज बृद्धि कार्यक्रम सञ्चालन बिधि :

क) बीउ उत्पादन प्रकृया :

- ❖ कृषक तालिम,
- ❖ श्रोत बीउ व्यवस्थापन,
- ❖ खेतीबाली ब्यवस्थापन,
- ❖ खडा बालीनिरिक्षण,
- ❖ बाली कटानी तथा थ्रेसिङ,
- ❖ प्रारम्भिक प्रसोधन र भण्डारण,
- ❖ बीउ परिक्षण तथा संकलन ।

## परिच्छेद-१३

१८. कृषि बिमा, बिपत ब्यवस्थापन, उत्कृष्ट कृषक पूरस्कार सञ्चालन बिधि :

१) कृषि तथा पशुपन्छी बिमा कार्यक्रमः

यस नगरपालिका भित्रका कृषकहरुलाई कृषि तथा पशुपन्छी विमाको बारेमा जानकारी गराई तिनीहरुलाई कृषि तथा पशुधन सुरक्षणका लागि प्रोत्साहित गरिनेछ । यसरी कृषि तथा पशुपन्छी विमामा लाग्ने शुल्क मध्ये संघीय सरकारबाट ७५ प्रतिशत अनुदान भएकोमा यस नगरपालिकाबाट बाँकी २५ प्रतिशत रकम व्यहोरी कृषि तथा पशुपन्छी विमा निशुल्क गरि नगर भित्रका कृषकहरुलाई कृषि कार्यको लागि प्रोत्साहन गरिनेछ ।

अनुदान प्राप्त गर्न आवश्यक कागजातः

- ❖ निवेदन र फोटो
- ❖ विमा पोलिसी नं.
- ❖ सम्बन्धित वडा कार्यालयको सिफारिस

२) बिपत ब्यवस्थापन कार्यक्रमः

- ❖ यस नगरपालिका भित्र कुनै बिपत जस्तै बाढी, हूरी, असिना, आगलागि आदिले कृषि तथा पशुपन्छीमा क्षती पूर्‍याएको खण्डमा फिल्ड अवलोकन बाट किसानले लगाएका बाली तथा पशुपन्छीको क्षतीको प्रकार र अवस्थाको तथ्याङ्क संकलन पश्चात मूल्याङ्कन समितिको अनुगमन र मूल्याङ्कनको निर्णयको आधारमा राहत बितरण गरिनेछ ।

३) उत्कृष्ट कृषक पूरस्कार

बर्दघाट नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी

प्रमुख प्रशासकिय अधिकृत

- ❖ यस नगरपालिका भित्र विगत ५ वर्ष अगि देखि कृषि तथा पशुपन्छी पालन कर्ममा संलग्न कृषकहरुलाई सम्बन्धित शाखाको निर्दिष्ट फर्मेट अनुसार निवेदन माग गरी तिनीहरु मध्येबाट उत्कृष्ट ठहर भएका कृषकहरुलाई पुरस्कार वापत सम्मान तथा प्रोत्साहन गरिनेछ।
  - सर्वोत्कृष्ट कृषक पुरस्कार रु. ५०,०००/- (दुई जना लाई कृषि तथा पशु)
  - उत्कृष्ट कृषक पुरस्कार रु. २५,०००/ (चार जना लाई कृषि तथा पशु)

४. **भकारो सुधार कार्यक्रमः** यस नगरपालिका भित्र रहेका कृषि उत्पादन तथा पशुपालन गर्ने कृषकहरुलाई निजको भकारो/गोठ/खोर सुधारको लागि स्वीकृत कार्यक्रम अनुसार सम्बन्धित शाखाको स्थलगत प्रतिवेदनका आधारमा नगद अनुदान उपलब्ध गराईनेछ । जसमा निम्नानुसारको कागजात पेश गर्नु पर्नेछ।

- व्यावसायिक फार्म दर्ता गरी कृषि तथा पशुपालन गरेको।
- न्यूनतम २ कठ्ठा जग्गामा मौसमी वा बेमौसमी तरकारी खेती गरेको।

❖ भकारोमा सुधार हुनु पर्ने पक्षहरु:

- भूई पक्कि वा ईट्टा ढुङ्गा विच्छाई प्लष्टर गरिएको।
- गोठबाट मूत्र वग्ने नाली निर्माण भएको हुनुपर्ने।
- मललाई छापो लगाएको हुनुपर्ने। (प्लाष्टिक वा अन्य सामाग्रीले)

**अनुदान प्राप्त गर्न आवश्यक कागजात:**

- निवेदन र फोटो
- व्यावसायिक प्रमाणपत्र।
- सम्बन्धित वडा कार्यालयको सिफारिस।
- फिल्ड प्रतिवेदन।
- भकारो खर्चमा भएको खर्चको विलभरपाईहरु।

## परिच्छेद-१४

१९. **बिबिध :**

❖ कृषि र पशू एक आपसमा पारस्परिक एवमं सम्बन्धित हूने हूदा पशू बिकास काकार्यक्रमको कार्यबिधि अनूसार कूनै पनि कार्यक्रम नगरपालिकाले आवश्यकता र सम्भाब्यताका आधारमा सहकार्य गदै लैजान सक्नेछ।

- नगरपालिकाले आवश्यकतार सम्भाब्यता ठानेमा कृषि कार्यक्रमहरु नगरपालिकाको अन्य शाखाको कार्यबिधि, ऐन, नियमावली र कार्यक्रमको निती, नियम र मार्गदर्शन भित्र रहेर कृषिको कार्यक्रम संचालन गर्न सक्नेछ ।
- नगरपालिकाले प्रदेश सरकार, संघीय सरकार, अन्य सरकारी एवमं गैर-सरकारी संघ सस्थासंग सहकार्य गरि कूनैपनि कृषिका कार्यक्रमहरु सम्बन्धित कार्यक्रमको निती, नियम र मार्गदर्शन भित्र रहेर संचालन गर्न सक्नेछ ।
- नगरपालिका स्तरीय र स्थलगत बिभिन्न कृषि तालिमहरु अर्थ मन्त्रालयको नर्मस अनूसार संचालन गरिनेछ ।
- यो कार्यबिधि प्रदेश तथा संघीय कानूनसंग बाझिएमा सो हदसम्म स्वतह: अमान्य हुनेछ ।
- यो कार्यबिधिद्धारा कुनै बिषयबस्तू कार्यान्वयन गर्न बाधा अवरोध परेमा बर्दघाट नगरपालिकाको कार्यपालिकाबाट निर्णय गराइ कार्यान्वायन गर्न सक्नेछ ।

बर्दघाट नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्वन्धमा व्यवस्था गर्न बनेको नियम, २०७४ को नियम ४ वमोजिम प्रमाणित गर्दछु ।

..............................

मेघनाथ पाध्या

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७६/११/१९